स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता आकाश श्रेष्ठले मूलपानीमा रहेको बालआश्रममा पुगेर जन्मदिन मनाएका छन् । उनले स्थानीय स्नेहा आश्रमलाई ५० हजार रुपैयाँ पनि सहयोग प्रदान गरे । साथै नगदसहित खाद्य सामग्री पनि आश्रमलाई प्रदान गरे । उक्त बालआश्रमलाई अभिनेता सुलेमान शंकर इकुले सञ्चालन गर्छन् । आकाशले अभिनय गरेको 'हिंड्दा हिंड्दै' यो वर्ष रिलिज भएको थियो । यसपछि उनले नयाँ फिल्म भने साइन गरेका छैनन् ।

आजको विचार...



भ्रष्टाचार...
(दुई पेजमा)

सुदर्शन आचार्य



राजनीतिमा सक्रिय भएपछि अभिनयमा निस्क्रिय देखिएकी अभिनेत्री रेखा थापाले करिब ५ वर्षपछि फिल्म 'उपहार'बाट पुनरागमन गरेकी छन् । फिल्ममा उनी स्वयंको मुख्य भूमिका रहेको छ भने उनका श्रीमान् बलराम शाही ठकुरी निर्मातामा छन् । ५ महिनाको गर्भवती रहँदा यो फिल्ममा एक्सनदेखि नृत्यसम्म गरेकी उनी 'उपहार'लाई आफ्नो करिअरकै नयाँ जन्मको रुपमा ब्याख्या गर्छिन् । फिल्मको गीत सार्वजनिक कार्यक्रममा फिल्म 'उपहार' एकदमै राम्रो रहेको रेखाको दाबी छ ।

❑ वर्ष २९ ❑ अंक १०५ ❑ २०८० कार्तिक २१ गते मंगलबार 7 November 2023, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# भूकम्पको निसानामा जाजरकोट

## शक्तिशाली भूकम्पपछि १ सय ७७ वटा परकम्प

**रामचन्द्र रायमाझी**

**पाल्पा,** कार्तिक २०/२०७२ सालको शक्तिशाली भूकम्पले तहसनहस बनाएको जाजरकोटमा लगातार साना-ठूला परकम्प गइरहेका छन् । शुक्रबार गएको भूकम्पको त्रास नसकिँदै रामिडाँडा केन्द्रविन्दु भएर सोमबार फेरी भूकम्प गएको छ । अपराह्न चार बजेर ३१ मिनेटमा ५.८ म्याग्निच्युडको अर्को भूकम्प गएको हो ।

भूकम्पको धक्का पाल्पामा समेत महसुस गरिएको थियो । पहिलो पराकम्प महशुस भएको ९ मिनेटपछि ४ बजेर ४० मिनेटमा जाजरकोटकै पैंक केन्द्रविन्दु भएर ४.५ म्याग्रुनिच्युडको अर्को झट्का महसुस गरिएको छ । भूकम्पको झट्का महसुस भएसँगै मानिसहरूमा त्रास उत्पन्न भएको छ । भूकम्प मापन केन्द्रका अनुसार सोमबारको जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर ५.८ म्याग्निुच्युडको भूकम्प गएको हो । परकम्पले धेरै घरहरु भत्किएका छन् भने केही व्यक्ति घाइते भएका छन् । त्यहाँ भूकम्पको त्रास कम नहुँदै पटक पटक गएका भूकम्पले जाजरकोट नै भूकम्पको निरासाना बनिरहेको छ । शुक्रबार राति ११:४७ बजे ६.४ म्याग्निच्यूडको



भूकम्प गएको थियो । जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएरै गएको भूकम्पले जनधनको ठूलो क्षति गरेको छ । भूकम्पमा परी १५३ जनाको मृत्यु भएको छ भने २ सय भन्दा बढी घाइते छन् ।

त्यसयता पनि साना-ठूला परकम्प गइरहेको राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रले जनाएको छ केन्द्रको तथ्यांक अनुसार शुक्रबार रातिदेखि सोमबार अपराह्नसम्म १ सय ७७ वटा साना-ठूला परकम्प रेकर्ड भएका छन् । त्यसमध्ये चार म्याग्निच्यूडभन्दा ठूला ६ वटा परकम्प रेकर्ड भएका छन् । कात्तिक १७ गते राति शक्तिशाली भूकम्प गएपछि पनि परकम्प लगातार गइरहेका छन् । साना परकम्पले भने खासै असर गरेका छैनन् । तर स्थानीय बासिन्दा त्रसित छन् । भूगर्भविद्हरूले पश्चिम नेपालमा ठूलो भूकम्प जान सक्ने अनुमान गर्दै आएका थिए । पछिल्लो ५०० वर्षयता पश्चिम नेपालमा ठूलो भूकम्प गएको थिएन । २०७२ सालको ७.८ म्याग्निच्यूडको शक्तिशाली भूकम्पपछि शुक्रबारको सबैभन्दा ठूलो भूकम्प हो । सरकारी अभिलेखअनुसार २०३७ साउन १४ गते राति बझाङमा ६.६ म्याग्निच्युडको भूकम्प गएको देखाउँछ ।

त्यसबेला एक सयभन्दा बढीको मृत्यु भएको थियो । जाजरकोट भूकम्पलाई वैज्ञानिकहरूले मध्यमस्तरको भने पनि त्यसको धक्का पाल्पादेखि भारतको नयाँदिल्लीसम्म महशुस गरिएको थियो ।

## गुल्मी मनिषा हत्या प्रकरण : बाँकेका रहिस पक्राउ

**गुल्मी,** कार्तिक २०/जिल्लाको चन्द्रकोट गाउँपालिका-४, शान्तिपुर स्थित हुग्दीखोलामा मृत फेला परेकी स्थानीय १५ बर्षीया मनिषा रुचालको हत्याका आरोपित रहिस खान पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालयले मनिषा हत्याका आरोपित बाँके खजुरा गाउँपालिका- ७ घर भई हाल चन्द्रकोट गाउँपालिका -४ बस्ने २३ वर्षीय खानलाई पक्राउ गरेको हो ।

उनलाई पक्राउ गरी जिल्ला अदालतबाट ज्यान सम्बन्धी कसुर र करणी सम्बन्धी कसुर गरेको मुद्धामा ५ दिन म्याद थप गरी आवश्यक अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी प्रमुख एसपी नविनकिशोर प्रधानले जानकारी दिए ।

दुई दिन अघि हराएकी रुचाल गत शुक्रबार साँझ हुग्दीखोलामा बिभत्स मृत अवस्थामा फेला परेकी थिइन । मनिषा उदय मावि कक्षा ९ मा पढ्दै आइएकी थिइन् । उनी गत विहीबार दिउँसो हाफपाईन्ट र पहेलो टिसर्ट लगाएको अवस्थामा हराएकी




थिईन । शुक्रबार साँझ पख खोला किनारमा भेटिएको मनिषाको शव फेला पर्दा उनी अर्धनग्न अवस्थामा भेटिएको स्थानीयले बताएका छन् । उनी तल्लो पेट र माथी घाँटी देखि तल निर्वस्त्र अवस्थामा रहेकी थिइन् । जसले गर्दा मनिषाको बलात्कारपछि हत्या भएको हुन सक्ने बताइएको छ । पक्राउ परेका खान शान्तिपुर बजारमा रहेको मदरसा गुल्सानी मदीनाका कुरान प्रशिक्षक (धर्म गुरु) रहेको बुझिएको छ । घटना घटेको अघिल्लो दिन मनिषा र धर्म गुरु खानबिच फेसबुकमा दोहोरो संवाद भएको बुझिएको छ । जसले गर्दा अनुसन्धानमा हत्यारा पत्ता लगाउन प्रहरीलाई सहज भएको थियो । प्रहरीले अहिले उनलाई हत्यारा भनेर सार्वजनिक नगरे पनि मनिषाको उनैले हत्या गरेको स्रोतको दावा छ । आशंका गरिएका आधा दर्जनलाई शुक्रबार नै सोधपुछका लागि शान्तिपुर ईलाका प्रहरी कार्यालयको हिरासतमा लिएर अनुसन्धान गरिएको थियो ।

मनिषा शान्तिपुरको श्रीलंका टोलमा आमा सहित डेरा गरी बस्दै आएको घर नजिकैको खेतमा धान झाँट्ने काममा गएकी थिईन् । त्यही ठाउँबाट उनकी आमा बाटुले भन्ने धनमायाले खेतलाहरुलाई सुर्ति किन्न पठाए पछि उनी श्रीलंका टोलकी शान्ति थापाको घरमा सुर्ति किनेर फर्केको बुझिएको छ । सुर्ति किनेर फर्कँदै गर्दा मदरसासम्म उनी पुगेको सिसिटिभीबाट प्रहरीले पत्ता लगाएको थियो ।

### सक्षिप्त समाचार

## पसलमा आगोलागी, लाखौंको क्षति



**गुल्मी,** कार्तिक २०/जिल्लाको गुल्मीदरबार गाउँपालिका -७ देउराली चारपालामा पसलमा भएको आगलागीबाट लाखौंको सम्पत्ति जलेर नष्ट भएको छ । देउराली चारपाला फेदी निवासी टोपबहादुर बस्नेतको घरमा आगलागीबाट पसलमा रहेको सम्पूर्ण नगद,मोटरसाइकल सहित सम्पूर्ण खाद्यान्न सामाग्री जलेर नस्ट भएको हो ।

टिनले छाएको २ तले कच्ची किराना पसल राखेको घरमा आगलागी हुँदा नगद दुई लाख, ३ तोला गहना, १५० सिसीको पल्सर मोटरसाइकल थान एक, एक हिरो होण्डा मोटरसाइकल एक ग्याँस सिलिण्डर, चार, नुन, तेल, चामल र अन्य खाद्यान्न सामाग्री र लत्ता कपडा गरी ३५ लाखको क्षति भएको प्रहरीले जनाएको छ । आगो दमकल, प्रहरी र स्थानीयको सहयोगमा नियन्त्रणमा ल्याइएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी डिल्लीनारायण पाण्डेले जानकारी दिए ।

## सामाजिक तथा धार्मिक सद्भाव कायम राखौं ।

- सामाजिक सद्भावमा आँच आउने वा अन्य पक्षलाई भड्काउने कार्य नगरौं,
- धार्मिक आस्था, विश्वास र संस्कृति माथि अनुचित प्रहार एवं धार्मिक विद्वेष फैलाउने नगरौं,
- सामाजिक मर्यादा विपरितका कार्य गर्न उक्साउने वा प्रोत्साहन गर्ने जस्ता कार्य नगरौं
- सामाजिक सद्भाव कायम गरौं, निजी तथा सार्वजनिक जीवनमा असर पार्ने गलत कार्य नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## भूकम्पपीडितलाई गाँसबासको व्यवस्था गर

जाजरकोट रुकुम पश्चिमका अधिकांस भूकम्प पीडितहरु अहिले खुला आकाशमुनि बस्न बाध्य भएका छन् । शुक्रबार रातिदेखि पीडितहरु खुला आकाशमुनि रात बिताउँदै आएका छन् । राहतका सामान पुग्ने क्रम जारी छ र केही ठाउँमा राहतको त्रिपाल पुगे पनि अधिकांश ठाउँमा पीडितहरु खुला आकाशलाई छानो बनाएर बिना त्रिपाल र कति ठाउँमा आगोको भरमा रात बिताएका समाचारहरु आइरहेका छन् । जाजरकोटको बारेकोट–१, रामीडाँडालाई केन्द्रबिन्दु बनाएर गएको भूकम्पले त्यहाँका हजारौं परिवार घरविहीन बनेका छन् । मृत्यु भएकाहरुको परिवार शोकमा छन् भने घर भत्किएर विस्थापित भएकाहरु पनि कहाँ बस्ने, के खाने र के लगाउने भन्ने समस्याले आक्रान्त छन् । त्यसैले यतिखेर त्यहाँका बासिन्दाका लागि सहानुभूति होइन, तत्काल राहत र पुर्नस्थापनाको खाँचो छ ।

प्रकृतिबाट बज्रपात भोगेका पीडितहरुलाई सरकारले नै छिटोभन्दा छिटो व्यवस्थापन गर्नुपर्छ । पीडितहरुलाई झन् पीडित हुने अवस्था कुनै हालतमा पनि आउन दिनुहुँदैन । चिसोयाममा खुला ठाउँको बसाइले खासगरी वृद्धवृद्धा, बालबालिका र दीर्घरोगीहरूका लागि कष्टप्रद बनेको छ । उनीहरूका लागि जतिसक्दो छिटो सुरक्षित बसोबास र खानाको प्रबन्ध मिलाउन अत्यावश्यक छ । धेरैका लत्ताकपडा र खाद्यान्न भत्किएको घरमै पुरिएकाले उनीहरुलाई समस्या भएको हो । व्यक्तिको खोजी तथा उद्धारको काम लगभग सकिएकाले अबको ध्यान घाइतेहरूको उपचार र विस्थापितहरूको व्यवस्थापनतर्फ हुनुपर्छ । दिनप्रतिदिन चिसो बढ्दै गएकाले न्यानो आवासको व्यवस्था हुन नसके थप स्वास्थ्य समस्या निम्तिन सक्छ। सुगम र सडक सञ्जाल पुगेका ठाउँहरुमा राहत सामाग्री छिट्टै पुग्ने भएपनि दुर्गम र ग्रामीण क्षेत्रमा भने नपुग्न सक्छ । यस्तो अवस्थामा सरकार बढी चनाखो भएर राहत वितरण कार्यमा ध्यान दिनुपर्छ । सोमबारसम्म पनि अधिकाँस पीडितहरुले राहत सामग्री नपाएको गुनासो गरेका छन् । सरकार र सम्बन्धित निकायले यस्ता गुनासो आउने वातावरण सिर्जना गर्नु हुँदैन । तसर्थ छिटो भन्दा छिटो गाँसबासको उचित प्रबन्ध गर्ने कुरामा ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

सबै भन्दा सस्तो औषधी भनेको हाँस्नु हो,
किनभने यसको कमी भयो भने सबभन्दा महङ्गो औषधी खान बाध्य भइन्छ ।
*(दिपेन सारुको फेसबुक स्टाटसबाट www.facebook.com/dipen.saru.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भ्रष्टाचार नियन्त्रणका बहुआयामिक जटिलता र अख्तियार !



## सुदर्शन आचार्य

*भ्रष्टाचार नियन्त्रणमा अख्तियारबाहेक अदालत, संसद् र संसदीय समिति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, महालेखा परीक्षकको कार्यालय आदिको भूमिका महत्त्वपूर्ण हुन्छ । त्यसबाहेक राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, राष्ट्र बैंक हुँदै संचार माध्यमसमेतको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । भ्रष्टाचार निर्मूल पार्न जोखिम उठाउनुपर्ने प्रधानमन्त्री कार्यालय मातहतको राजस्व अनुसन्धान विभागका विभागीय प्रमुखको कार्यकाल हेरियो भने उक्त विभागमा २०५० देखि २०८० सम्म आइपुग्दा २६ जना महानिर्देशकको अदलीबदली भइसकेको छ । भन्सार विभाग, सडक विभाग, सम्पत्ति शुद्धीकरण, पर्यटन विभाग, नापी विभाग, भूमिसुधार विभाग, यातायात विभागका विभागीय प्रमुख अधिक अदलीबदली हुनुको पछाडिको रहस्य भनेकै आर्थिक चलखेल हो भनेर बुझ्न कठिन छैन ।*

भ्रष्टाचार नियन्त्रण कार्यमा बहुआयामिक जटिलता त छ नै उति नै चुनौतीपूर्ण पनि छ । नेपाली राजनीति प्रशासन दुवैतिर भ्रष्टाचार नियन्त्रण गर्ने काम अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मात्र हो र बाँकी संयन्त्रले निर्बाध भ्रष्टाचार गरे हुन्छ भन्ने मानसिकता मौलाउँदो छ । विकासका सन्दर्भमा नेपालको राजनीतिक नेतृत्वले पटकपटक सिंगापुरको नाम लिने गर्छन् । तर, छोटै अवधिमा सिंगापुरको विकासले फड्को मार्नुको पछाडि सिंगापुरको राजनीतिक नेतृत्वमा 'विकासको भिजन र कार्यान्वयनका सन्दर्भमा इच्छाशक्ति' भएको विषयलाई नेपालको राजनीतिक नेतृत्वले 'फलो' गर्नै सकेन । नेपाल विकास र सुशासनका सन्दर्भमा यसैमा चुक्यो ।

आज नेपालका सन्दर्भमा भ्रष्टाचार न्यूनीकरण ससानो प्रयासबाट मात्र सम्भव देखिन्न । नीतिगत र व्यक्तिगतरूपमा हुने भ्रष्टाचार निर्मूल गर्नका निम्ति प्रणालीमै सुधार नभएसम्म अख्तियार तातेर वा मन्त्री, प्रधानमन्त्रीले सुशासनका भाषण छाँटेरमात्र सम्भव छैन । भ्रष्टाचार नियन्त्रणको मुख्य जिम्मेवारी अख्तियारको मात्र होइन । त्यो जिम्मेवारी निर्वाचित सरकार र जनप्रतिनिधिमूलक संस्था संसद्को पनि हो । तर, सरकार भ्रष्टाचारको मुहान अर्थात् मूल थलो बन्न पुगेको छ । सरकारबाट भएगरेका नीतिगत निर्णयका आधारमा नै अर्बौंको भ्रष्टाचार हुने गरेको तथ्यांक निरन्तर सार्वजनिक भइरहेकै छन् । प्रजातन्त्र प्राप्तियताका प्रधानमन्त्रीहरूमा कृष्णप्रसाद भट्टराईलाई छाडेर हेर्ने हो भने अरू प्रधानमन्त्री र सरकारले गरेका निर्णय र त्यसको आर्थिक अनियमितताको स्केल हेर्दा लाग्छ भ्रष्टाचार वा अनियमित गर्नु नै मुख्य काम हो । आश्चर्यजनकरूपमा विकसित भएको मनोविज्ञान हो - 'मुलुक परिवर्तनमा हामीले अतुलनीय योगदान पुर् याएकाले हामीले गर्ने नीतिगत निर्णय र त्यसका विषयमा अख्तियार वा सरोकारवाला निकाय कसैले चासो नराखोस् ।' जसका कारण लोकतान्त्रिक गणतन्त्रको स्थायित्वमा समेत संशय पैदा हुँदै गएको छ । भ्रष्टाचार कसरीसम्म हुँदोरहेछ भन्ने यहाँ दुईवटा उदाहरण प्रस्तुत गरौं - पछिल्लो समयमा अख्तियारले अनुसन्धान पूरा गरी विशेष अदालतमा दायर गरेको 'नेसनल पेमेन्ट गेटवे' । गेटवे सिष्टम नेपालमा हुने सबैखाले डिजिटल भुक्तानी एकीकृत गर्ने प्रणाली भनिएको छ । तर, हालसम्म राष्ट्रिय भुक्तानी स्विच भने स्थापना भएको छैन । त्यसरी सिस्टम स्थापना गर्नुअघि आवश्यक पूर्वाधार तयार गर्नुपर्छ । त्यसो नगरी कुनै निकायबाट गेटवे स्थापना गर्न बजेटसमेत माग नहुँदै आश्चर्यजनक रूपमा एकाएक पच्चीस करोड बजेट विनियोजन गरियो ।

बजेट निर्माणपूर्व अपनाउनुपर्ने मापदण्ड तथा सार्वजनिक खरिद ऐनको समेत बर्खिलाप हुनेगरी उक्त बजेट 'जस्केला'बाट विनियोजन गरिएको थियो । सार्वजनिक खरिद ऐनले भन्छ- सार्वजनिक निकायले एकवर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने कुनै पनि आयोजनाका लागि खरिद गर्दा वा वार्षिक दस करोड रुपैयाँभन्दा बढीका खरिदमा गुरुयोजना तयार गर्नुपर्छ । यो मापदण्डको छेउमा पनि नपुगी जस्केलाबाट २५ करोड रुपैयाँ विनियोजन गरेको अभियोगमा अर्थमन्त्रालयका तत्कालीन बजेट तथा कार्यक्रम महाशाखा प्रमुख मधुकुमार मरासिनीलगायतविरुद्ध मुद्दा आयोगले दायर गरेको छ । मरासिनीले बजेट महाशाखा प्रमुख हुँदा कम्तीमा राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट बजेट मागको एउटा अनुरोधपत्र समेत झिकाउन आवश्यक ठानेनन् । आर्थिक चलखेल यहीनेर हुन पुग्यो । तिनै मरासिनी पछि राजनीतिक लाभ उठाउँदै अमेरिकाका लागि कन्सुलेट जनरल सरहको विशेष दरबन्दी सिर्जना गरी अमेरिका गए । उनी फर्किएलगत्तै उक्त दरबन्दी समेत खारेजीमा परेको चर्चा उहीबेला सतहमा थियो ।

दोस्रो प्रकरण, पूर्व प्रधानमन्त्री झलनाथ खनालसँग जोडिएको 'एन्टी स्नेक भेनम उत्पादन' । समाजवादीका वरिष्ठ नेता झलनाथ खनालका नाममा 'झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान' स्थापना गठन गरी सर्पको विष उत्पादन गरेर सुरुमा भारत निर्यात गर्ने र पछि नेपालमै प्रयोगशाला बनाउने भन्दै तत्कालीन सरकारसँग ७२ करोडको सम्झौता भयो । सर्लाहीको लालबन्दीमा साढे आठ बिघा जग्गा पाल्ने उद्देश्य लिएर उक्त कार्य अघि बढाएको बताइयो । एन्टी भेनम उत्पादन गर्ने भनी लालबन्दी नगरपालिकामा रिसर्च सेन्टरका नाममा विनियोजित बजेटमध्ये सत्र करोड बराबरको खर्च गरियो । उक्त खर्च हुँदा प्रगति भने 'शून्य' देखिएको दाबीसहित अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको छ । यसरी पहुँचका भरमा विस्तृत परियोजना निर्माण र त्यसको लाभहानिको हिसाब नै नगरी राज्यकोषबाट रकम दुरुपयोग गर्ने प्रवृत्ति पछिल्ला वर्षहरूमा ह्वात्तै बढेको पाइन्छ । एन्टी भेनम प्रकरण पनि पहुँचका आधारमा सरकारी रकमको दुरुपयोग गर्नमै केन्द्रित देखियो । माथि उल्लेख गरिएका दुई वटा पछिल्ला प्रतिनिधि उदाहरणमात्र हुन् । नेपालमा भ्रष्टाचार नियन्त्रण गर्नेभन्दा भ्रष्टाचार गर्ने वर्ग/तह बलियो बन्दै गएको देखिन्छ ।

नीतिगत रुपमा गरिएका ठूला भ्रष्टाचार तथा अनियमितताका दर्जनौं उदाहरण प्रस्तुत गर्न सकिन्छ । ठूला भ्रष्टाचारका विषय त राजनीतिक रुपमा उपल्लो तहमा पुग्दासाथ 'केस नै डाइभर्ट' भएका उदाहरण प्रशस्त छन् । ललिता निवास, सुन प्रकरण, नक्कली भुटानी शरणार्थी, वाइडबडी खरिद, नारायणहिटी संग्रहालय परिसर भाडा, आयल निगमको जग्गा खरिद, नेपाल ट्रस्टका जग्गा भाडा, सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद अडियो प्रकरण आदिका कारण नेपाल अति भ्रष्टाचार हुने मुलुकको सूचीबाट बाहिर निस्कन नसके हो । उता लडाकु शिविर प्रकरण, यति/ओम्नी, वाइडबडीसँगै ललिता निवास आदि प्रकरणमा मूलधारका राजनीतिक दलका नेतृत्वको नाम जोडिएर आउने समाचार र यी प्रकरणमा प्रधानमन्त्री तथा पूर्वप्रधानमन्त्रीहरूको मिलेमतोले उनीहरूको संलग्नताको विषय सतहमै पोखिन पुगेको छ । सन्दर्भ अख्तियारले मात्र पूरापूर भ्रष्टाचार निर्मूल गर्न कति सम्भव भन्ने नै हो । भ्रष्टाचार नियन्त्रणमा अख्तियारबाहेक अदालत, संसद् र संसदीय समिति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, महालेखा परीक्षकको कार्यालय आदिको भूमिका महत्त्वपूर्ण हुन्छ । त्यसबाहेक राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, राष्ट्र बैंक हुँदै संचार माध्यमसमेतको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । भ्रष्टाचार निर्मूल पार्न जोखिम उठाउनुपर्ने प्रधानमन्त्री कार्यालय मातहतको राजस्व अनुसन्धान विभागका विभागीय प्रमुखको कार्यकाल हेरियो भने उक्त विभागमा २०५० देखि २०८० सम्म आइपुग्दा २६ जना महानिर्देशकको अदलीबदली भइसकेको छ । भन्सार विभाग, सडक विभाग, सम्पत्ति शुद्धीकरण, पर्यटन विभाग, नापी विभाग, भूमिसुधार विभाग, यातायात विभागका विभागीय प्रमुख अधिक अदलीबदली हुनुको पछाडिको रहस्य भनेकै आर्थिक चलखेल हो भनेर बुझ्न कठिन छैन । समग्रमा भ्रष्टाचार नियन्त्रण गर्नेभन्दा पनि भ्रष्टाचार गर्ने निकाय बलिया भए । जनतामा सुशासन, समृद्धि र राजनीतिक स्थिरताको नारा दिएर निर्माण भएको सरकारले न त आफ्नो वाचा पूरा गर्ने बाटोमा आफूलाई लैजान सक्यो न त विपक्षी दलले निगरानीको भरपर्दो भूमिकामा आफूलाई राख्न सक्यो । मूलधारका ठूला दलका नेताको तहसम्मै छानबिन पुग्नासाथ 'भ्रष्टाचार छानबिन नगर्ने' अचम्मको राष्ट्रिय सहमति झाँगिदै गएको छ । जसका कारण हिजोसम्म मूलधारका नेताविरुद्ध देखिएको जनस्तरको असन्तुष्टि बढेर आज संघीय लोकतान्त्रिक गणतन्त्रको तहसम्म चुलिँदैछ । तथापि, उल्टै आफू सच्चिनेभन्दा पनि सत्तामा रहेर सडक संघर्षमा जाने विरोधाभासपूर्ण निर्णय सत्तारुढ दल माओवादीले लिन पुग्यो । यसभन्दा सत्तालाई नसुहाउँदो विरुप चित्र अरू के होला ?

अर्कातिर अर्थतन्त्र डामाडोल बन्दै जाने, वैदेशिक ऋणको भार कहालीलाग्दो तरिकाले आकासिँदै छ । भ्रष्टाचार नियन्त्रणमा राज्य उदासीन बन्नेमात्र नभई सरकार संलग्न भ्रष्टाचारका ठूला घटना दिनानुदिन बाहिर आउनेजस्ता अवस्थाले मुलुक 'फेल्ड स्टेट'को बाटामा गइराखेको त छैन भन्ने प्रश्न उठेको छ । यसको चित्तबुझ्दो जवाफ २०८४ अघि नै जनताले खोजेका छन् । आजका मितिमा व्यवस्थाप्रति पनि धेरथोर संशय पैदा हुँदै जानुका पछाडि भ्रष्टाचार छानबिन नगर्न देखिएको 'राष्ट्रिय सहमति' नै हो । भ्रष्टाचार नियन्त्रणका सन्दर्भमा सरकारले निर्ममरूपमा आफूलाई प्रस्तुत नगरी अख्तियारको मात्र भरपर्ने हो भने आसन्न निर्वाचन मूलधारका दलका निम्ति फलामको चिउरा बन्ने निश्चित प्राय: देखिन्छ ।

*-बाह्रखरी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काममा बुद्धि नपुगी समस्यामा हुँदा आफू कमजोर परिनेछ । | **तुला** :अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। बेसुरको निर्णयले समस्या आउला। |
| **वृष** :नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्ने छन्। | **वृश्चिक** :परिस्थिति अनुकूल देखिए पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ। |
| **मिथुन** :दिगो योजनाका लागि ऋण लिने समय छ। अवसरका लागि दौडधुप गर्नुपर्ला। | **धनु** :पछिका लागि गरिएको मेहनत र लगानीले अवश्य फाइदा दिनेछ। |
| **कर्कट** :मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। | **मकर** :अवसर र व्यवधानको उतार चढावबाट न्यून प्रतिफल प्राप्त हुने छ। |
| **सिंह** :कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ। | **कुम्भ** : निर्णायक मोडमा दुविधा उत्पन्न हुने हुँदा विशेष सजगता अपनाउनुहोला। |
| **कन्या** :परिस्थितिवश केही समस्यामा अल्झनुपर्ला। अरूका लागि बुद्धि खर्चनुपर्नेछ। | **मीन** :सहयोगीहरूले साथ नदिए पनि केही काम सम्पादन हुने छन्। |

# जना प्रविधि

## ह्वावे क्लाउडले एआईको साथमा उद्योगलाई पुन:आकार दिने




ह्वावे क्लाउड ग्लोबल इकोसिस्टमका अध्यक्ष काङ निङले साझेदारीले नयाँ मूल्यको लागि मार्ग प्रशस्त गर्ने बताएका छन् । आफ्नो मन्तव्यका क्रममा श्रीकाङले ह्वावे क्लाउड इकोसिस्टमका पछिल्लो प्रगति र उपलब्धिहरू बताउँदै भरपर्दो, स्केलेबल एआई कम्प्युटिङ पावरको लागि एससेन्ड एआइ क्लाउड सेवाको घोषणा गरेका हुन् ।

एससेन्ड मोडल समुदाय र डेभलपर संस्थामा सामेल हुनासाथ साझेदार र विकासकर्ताहरूलाई सशक्तिकरण गर्न र इकोसिस्टमको थप वृद्धि गर्न प्रभावकारी हुने उनको विश्वास छ । 'ह्वावे क्लाउडले सबै प्रकारका आधारभूत मोडलहरू अँगाल्न साथै विश्वव्यापी साझेदारहरू र डेभलपरहरूलाई संलग्न गराउन पूर्ण इकोसिस्टम निर्माण गरेको छ' उनले भने, 'पंगु मोडलहरूमा नयाँ आविष्कार गरौं र एआईको प्रयोग गर्दै उद्योगहरूलाई पुन:आकार दिऔं ।' ह्वावे क्लाउड इकोसिस्टममा ५ लाख डेभलपर र ४२ हजार साझेदारहरू सामेल भएका छन् । यसका साथै १० हजारभन्दा बढी एप्लिकेसनहरू ह्वावेको क्लाउड मार्केटप्लेस कूग्यालरीमा जारी गरिएका छन् । त्यस्तै २१ हजारभन्दा बढी ग्राहकहरूले पंगु पिओसी परीक्षणको लागि आवेदन दिएका कम्पनीले जनाएको छ । एससेन्ड एआई क्लाउड सेवाले ठोस कम्प्युटिङ आधारशीला बनाउने उनको विश्वास छ ।

उनका अनुसार यसले बहुमुखी पूर्वाधार, असाधारण प्रदर्शन र विविध स्रोतहरूसहित साझेदारहरू र डिभलपरहरूलाई मोडल माइग्रेसन र प्रशिक्षणमा सशक्त बनाउनेछ । विशेष गरी यसमा मुख्य धाराका एआई इन्जिनहरू (जस्तै माइन्डस्पोर, ह्वावेको गहिरो सिकाइतालिम र अनुमान ढाँचा) सामेल गरिएको छ । त्यसैले डेभलपरहरूले आफ्ना अत्याधुनिक स्टेट अफ द आर्ट (यसओटिए) मोडेलहरू वा अन्य मोडलहरूलाई एससेन्डमा ट्रिलियन प्यारामिटका साथ प्रशिक्षित मोडेलहरूसहित स्थानान्तरण गर्न सक्छन् ।

*-लोकान्तर डटकम*

## उत्कृष्ट पाँच स्टार्टअप

प्रविधि क्षेत्रको सबैभन्दा प्रतिष्ठित र लोकप्रिय रहेको आईसीटी अवार्ड कार्यक्रम अन्तर्गत यस वर्षको लागि विभिन्न ३ विधामा उत्कृष्ट ५ को सार्वजनिक गरिएको छ । स्टार्टअप आईसीटी अवार्ड २०२३, प्रडक्ट आईसीटी अवार्ड २०२३ र राइजिङ स्टार इन्नोभेसन आईसीटी अवार्ड २०२३ विधामा १४ जना जुरी सदस्यहरुको छनौटको आधारमा बुधबार उत्कृष्ट ५ को घोषणा गरिएको हो ।

उत्कृष्ट ५ मा पर्ने स्टार्टअपहरुमा भोजमाण्डु फुड प्राली, दियो एआई टेक्नोलोजी प्राली, जीजी कर्पोरेसन प्राली, रासन टेक्नोलोजिज प्राली र यार्सा टेक प्राली रहेका छन् । यसैगरी प्रडक्ट आईसीटी अवार्ड अन्तर्गत उत्कृष्ट ५ प्रडक्टहरुमा डिजी बज, फास्ट बैंकिङ, मनि मित्र, क्युकआरपिए र यात्री पी-१ रहेका छन् । राइजिङ स्टार इन्नोभेसन विधा अन्तर्गत उत्कृष्ट ५ मा पर्न सफल इन्नोभेसनहरुमा ब्लाङ्सेर, ड्रेसन, दृश्य, इन्टर्नसाथी र प्रष्ट नेपाली रहेका छन । आईसीटी अवार्ड २०२३ का यी ३ विधाहरुमा २०० बढीको नोमिनेसन प्राप्त भएको थियो । उत्कृष्ट १२ स्टार्टअप, १३ राइजिङ स्टार र १४ प्रडक्टले गत असोज १९ र २० गते काठमाडौंमा आयोजना भएको स्टार्टअप एण्ड आइडिया फेस्टमा सहभागी भएर प्रडक्ट र स्टार्टअप प्रदर्शनीमा राखेका थिए । यसैगरी उनीहरुले असोज २७ गते आयोजना भएको ग्राण्ड जुरी सेसन अन्तर्गत प्रिजेन्टेसन एण्ड स्पिड डेटिङमा पनि सहभागी भएर प्रस्तुति दिएका थिए । उनीहरुको प्रस्तुति, आइडिया र स्टार्टअपको बारेमा कान्तिपुर टेलिभिजनमा विशेष टेलिभिजन शो पनि प्रशारण हुने आयोजकले जनाएको छ । विभिन्न ३ विधामा छनौट भएका उत्कृष्ट ५ हरुले केही समय पश्चात् सञ्चालन हुने पब्लिक भोटिङमा सहभागी हुनेछन् भने स्टार्टअप लगायतका विधामा जुरी समितिले कार्यालय भिजिट पनि गर्नेछ ।

उत्कृष्ट ५ मा पर्न असफल स्टार्टअप, प्रडक्ट र राइजिङ स्टारहरुले पनि पब्लिक च्वाइस आइसीटी अवार्ड २०२३ विधामा सहभागी हुन पाउनेछन । सर्वोत्कृष्टलाई पुस ६ गते आयोजना हुने ग्राण्ड फिनाले कार्यक्रममा विशेष सम्मान गरिने अयोजक समितिका अध्यक्ष राजन लम्सालले बताए । यसैगरी आइसीटी अवार्ड २०२३ अन्तर्गत अन्य व्यक्तिगत र सस्थागत अवार्ड विधाहरुमा पनि छनौट प्रकृया जारी रहेको छ । प्रोफेसनल एक्सिलेन्स, पायोनियर, आन्टरप्रेनर्स, वुमन आइकन र नेपाली डायस्पोरा आइसीटी अवार्डका विधाहरुमा दोश्रो चरणको छनौट प्रकृया सञ्चालनमा छ । त्यस्तै, डिजिटल एजुकेसन, डिजिटल गर्भनेन्स र डिजिटल सर्भिसेस विधामा पहिलो चरणको छनौट प्रकृया सञ्चालन भइरहेको छ । साउथ एसिया स्टार्टअप आइसीटी अवार्ड विधामा नोमिनेसन अवधि समाप्त भएर स्क्रिनिङ भइरहेको आयोजकले जानकारी दिएको छ । साउथ एसिया स्टार्टअप अवार्डमा विभिन्न ६ देशबाट ६० बढिको नोमिनेसन प्राप्त भएको छ । यस विधामा सर्वोत्कृष्ट छनौटको लागि भारत, बंगलादेश, पाकिस्तान र श्रीलंकाबाट जुरी सदस्यहरु रहेका छन् ।

क्रम लिभिङ विथ आइसीटीले आयोजना गर्दै आइरहेको आइसीटी अवार्ड सन् २०१६ बाट सुरु भएको हो । यस वर्ष आठौं सस्करण अन्तगर्तको आइसीटी अवार्डमा १३ विधामा ५५० बढिको अनलाइन नोमिनेसन प्राप्त भएको छ । छनौटको लागि १४ जना बिज्ञ जुरी सदस्यहरु रहेका छन् भने १३ जनाको शिशिष्ट सल्लाहकार समिति रहको छ । अवार्डमा छनौट प्रकृयाको लागि २५ बढी जुरी मिटिङ र प्रवद्धनको १० बढी प्रि-इभेन्ट क्याम्पियनसँगै टेलिभिजन शो पनि सञ्चालन हुनेछ । यस अवार्ड कार्यक्रममा नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना प्रविधि विभाग, नेपाल दुरसञ्चार प्राधिकरण, नास्ट, एफएनसिसिआई, न्यास आइटी लगायतका राष्ट्रिय, अन्तराष्ट्रिय सस्थाहरुको सहकार्य रहेको छ ।

*-हाम्राकुरा डटकम*


**श्री मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको श्रेस्ता कायम सम्बन्धी ३५ दिने हकदाबी गर्न आउने सार्वजनिक सूचना**

उप्रान्त निवेदक पाल्पा जिल्ला साविक ताँहु ७ हाल रम्भा गा.पा.-५ निवासी चित्र विर बारघरेले आफ्नो नाममा रहेको पाल्पा जिल्ला साविक ताँहु-६ का कि.नं. ७२७, ७५४, ७६१, ७६७, ७२५, ७२६ र साविक ताँहु ७ का कि.नं. ७९२, १०८०, १०८२, १०८५, १११३ को जग्गा मध्ये साविक ताँहु-६ का कि.नं. ७२५ र ७२६ का जग्गाको जग्गाधनी पूर्जा हराएको हुँदा श्रेस्ता कायम गरी पाँउ भनी प्लट रजिष्टर उतार, गा.वि.स. लगत उतार, तिरो रसिद, नागरिकता प्रतिलिपि, रम्भा-५ को च.नं. २७० मिति २०८०/०६/२९ को सिफारिस, वडा मुचुल्का संलग्न राखी मिति २०८०/०७/०१ मा यस कार्यालयमा निवेदन दिनुभएको ।

यसमा पाल्पा जिल्ला साविक ताँहु-६ का कि.नं. ७२५ र ७२६ को जग्गाधनी प्रमाण पूर्जा हराएको हो वा होइन ? उक्त जग्गामा हाल कसको हकभोग छ ? निवेदक चित्र विर बारघरेको हकभोग छ वा छैन ? अन्य कोही कसैको हकभोग छ की ? यसमा माथि उल्लेखित कि.नं. को जग्गा निवेदक चित्र विर बारघरेले अन्यत्र बेचविखन वा अन्य तरिकाले हकहस्तान्तरण गरेका छन् वा छैनन् ? उक्त कि.नं. को जग्गाको श्रेष्ता कायम हालसम्म किन नगरिएको हो ? निवेदक चित्र विर बारघरेको नाउँमा उक्त कि.नं. को जग्गा श्रेष्ता कायम गरिदिन मिल्छ कि मिल्दैन ? निवेदकका नाममा श्रेष्ता कायम गरिदिँदा कोही कसैलाई असर पर्छ वा पर्दैन ? निवेदन मागदाबी बमोजिम गरिदिँदा कोही कसैलाई असर पर्ने भएमा वा श्रेस्ताकायम गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाण उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दावी विरोध नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराइन्छ ।

*इति सम्वत २०८० साल कार्तिक २० गते रोज २ मा शुभम् ।*

## एप्पलले ल्यायो नयाँ कम्प्युटर, यस्ता छन् फिचर्स




अमेरिकी कम्पनी एप्पलले २४ इन्चको नयाँ आइप्याक कम्प्युटरको सार्वजनिक गरेको छ । सन् २०२१ मा सार्वजनिक भएको आइम्याककै अद्यावधिक संस्करणको रुपमा रहेको यो कम्युटरमा एम थ्री चिपको प्रयोग गरिएको छ । त्यसैले यो कम्प्युटरको स्पीड अघिल्लो संस्करणको तुलनामा दोब्बर रहेको दाबी एप्पलको छ ।

एप्पलले ८ कोर तथा १० कोर जिपियु गरी दुई मोडेल ल्याएको छ । नयाँ आइम्याकको स्पीड अघिल्लो संस्करणको तुलनामा दोब्बर हुनुका साथै ऊर्जा दक्षतामा पनि अधिक रहेको बताइएको छ । २४ इन्चको रेटिना डिस्प्लेयुक्त यो आइम्याक एम थ्रीको ८ कोर जिपियु मोडेलमा अक्टाकोर सिपियु, ८ जिबी र्याम र २५६ जिबी एसएसडी स्टोरेज उपलब्ध छ । साथै यसमा दुईवटा थन्डरबोल्ट पोर्ट, म्याजिक किबोर्ड तथा म्याजिक माउस नि हरेको छ । यसको मूल्य १२ सय ९९ डलर तोकिएको छ ।

त्यस्तै १० कोर जिपियु मोडेलमा पनि अक्टाकोर सिपियु, ८ जिबी र्याम तथा २५६ जिबी एसएसडीका साथै दुई थन्डरबोल्ट पोर्ट, दुईवटा अतिरिक्त युएसबी थ्री पोर्ट, टच आइडी सहितको म्याजिक किबोर्ड, म्याजिक माउस तथा गिगाबिट इथरनेट समेत रहेको छ । यो मोडेलको मूल्य १४९९ डलर तोकिएको छ । एप्पलका अनुसार नयाँ आइम्याकमा ४.५ के स्क्रिन रिजोलुसन हुनुका साथै ५०० निट्सको पिक ब्राइटेन रहेको छ । कनेक्टिभिटीको कुरा गर्दा यसमा वाइफाइ ६ ई, ब्लुटुथ ५.३ तथा चारवटा युएसबी टाइप सी पोर्ट रहेका छन् । यो आइम्याक हरियो, गुलाबी, निलो, पहेँलो, बैजनी र चाँदी रङमा उपलब्ध रहेको छ । यो कम्प्युटरमा १०८० पिक्सेल फेसटाइम क्यामरा तथा ६ वटा स्पिकर राखिएको छ । यसमा Spatial Audio तथा Dolby Atmos को सपोर्ट छ । यो फिचरले आवाजको आउटपुटलाई उत्कृष्ट बनाउँछ ।

*-अनलाइन खबर डटकम*

## एण्ड्रोइड मोबाइलले दिन सक्छ भूकम्पको पूर्व जानकारी




अहिले अधिकांस नेपालीले मोबाइल ह्यान्डसेट प्रयोग गर्छन् । त्यसमा पनि स्मार्टफोनको प्रयोग बढ्दो छ । हामीले प्रयोग गर्ने मोबाइल ह्यानडसेटमा यस्ता थुप्रै फिचरहरू हुन्छन् जसबारेमा थाहा भइरहेको हुँदैन । तिनैमध्ये एक हो 'अर्थक्वेक अलर्ट सिस्टम', अर्थात् भूकम्पको पूर्व जानकारी दिने प्रणाली । यो फिचर सक्रिय हुँदा तपाईंको एन्ड्रोइड मोबाइलले भूकम्प आउनुभन्दा केही सेकेन्ड अघि सतर्क गराउँछ । यसका कारण तपाईंले सुरक्षित स्थानमा पुग्न वा रहन केही समय मात्रै भएपनि पाउन सक्नुहुन्छ ।

अर्थक्वेक अलर्ट सिस्टमले बनाएको एन्ड्रोइड उपकरणहरूले यसरी मिनी सेस्मोमिटरको काम गर्छ । भूकम्प जुनसुकै बेला जान सक्छ । यसलाई मध्यनजर गर्दै पनि एन्ड्रोइडले आफ्नो प्रयोगकर्ताहरूको सहजताका लागि अलर्ट प्रणाली सुरू गरेको हो । यो फिचर अहिले नेपालसहित करिब एक सय देशहरूमा उपलब्ध छ ।

**यसरी एनड्रोइड मोबाइलमा गर्न सकिन्छ अर्थक्वेक अलर्ट सिस्टमलाई सक्रिय:**


१. मोबाइलको सेटिङमा जानुहोस् ।

२. त्यहाँ 'सेफ्टी एन्ड इमर्जेन्सी' क्लिक गर्नुहोस् । यसपछि अर्थक्वेक अलर्ट भनेर देखाउँछ । यदी सेटिङमा 'सेफ्टी एन्ड इमर्जेन्सी' भन्ने देखिएन भने, 'लोकेसन' विकल्पमा जानुहोस् । त्यसमा रहेको 'एड्भान्स्ड'मा क्लिक गर्नुहोस् । र, त्यसपछि देखिने 'अर्थक्वेक अलर्ट' विकल्पलाई सक्रिय गर्नुहोस् ।

३. यहाँबाट तपाईंले यो फिचर अन ( सक्रिय) वा अफ (निष्क्रिय) गर्न सक्नुहुन्छ ।

एन्ड्रोइड अर्थक्वेक अलर्ट सिस्टमलाई नि:शुल्क चलाउन सकिन्छ । तर यसको लागि मोबाइलमा वाईफाई अथवा डेटा अन भएको हुनुपर्छ । यसबाहेक तपाईंले एन्ड्रोइड प्ले-स्टोरमा भूकम्प जानु अघि सचेत गराउने विभिन्न एपहरू पाउन सक्नुहुन्छ । तीमध्ये भरपर्दो र आफ्नो स्मार्टफोनले सपोर्ट गर्ने एप डाउनलोड गरेर पनि राख्न सक्नुहुन्छ । *-सेतोपाटी डटकम*

## भारतमा आइफोन १७ बन्ने



भारतमा छिट्टै नै आइफोन १७ बनाउन थालिने छ । अमेरिकी बहुराष्ट्रिय प्रविधि कम्पनी एप्पल इंकका लागि करारमा उपकरणहरू बनाइदिने ताइवानी कम्पनी फक्सकोन, पेगाट्रोन र टाट ग्रुपको विष्ट्रोन मिलेर छिटोमा सन् २०२४ को पूर्वार्द्धदेखि नै आइफोन १७ बनाउन सुरु गर्ने अपेक्षा गरिएको छ । एप्पलको नयाँ प्रडक्ट चीन बाहिरबाट आउन लागेको यो पहिलो पटक हुने एप्पलका विश्लेषक मिङ चि कुओले भनेका छन् । यसलाई एप्पलले चीनबाहिर सस्तोमा आइफोन बनाउने नयाँ ठाउँ खोजिरहेको रुपमा हेरिएको छ । योसँगै भारत एप्पलका लागि म्यानुफ्याक्चरिङ हबको रुपमा उदाउनेछ । तर आइफोनका प्रो मोडलहरू भने अझै पनि चीनमै बन्ने आशा गरिएको छ । चीन एप्पलको शीर्ष आपूर्तिकर्ता हो ।

सबै प्रक्रियाहरू योजना अनुरूप अगाडि बढे भने आइफोन १७ को एनपीआई सन् २०२४ को दोस्रो अर्धवार्षिकमा सम्पन्न हुनेछ अनि फोन २०२५ मा रिलिज हुनेछ । अहिले विश्वभर निर्यात हुने १२ देखि १४ प्रतिशत आइफोन भारतमा बनेका हुन् । सन् २०२४ सम्ममा यसलाई बढाएर २० देखि २५ प्रतिशतमा पुऱ्याउने एप्पलको लक्ष्य छ । सो अवधिसम्म चीनको चङचाउ र ताइयुआनमा रहेको फक्सकोनको कारखानामा आइफोनको उत्पादन क्रमश: ३५ देखि ४५ प्रतिशत र ७५ देखि ८५ प्रतिशतसम्म घट्ने अनुमान गरिएको छ । आइफोन बनाउन एप्पल चीनमाथि निर्भर छ । चीन र अमेरिकाबीचको तनाव अनि कोभिडका कारण आपूर्ति शृङ्खलामा अवरोध उत्पन्न भएयता एप्पल चीनमाथिको निर्भरता कम गर्न लागिरहेको छ । यस्तोमा भारतलाई उपर्युक्त विकल्पको रुपमा हेरेर कम्पनीले त्यहाँ लगानी बढाइरहेको छ ।

*-रातोपाटी डटकम*

# गुल्मीमा राहदानी बनाउनेको भीड, एकदिन अगावै टोकन



फाइल फोटो

**गुल्मी,** कार्तिक २०/गुल्मीमा राहदानी बनाउनेको भीड लागेपछि जिल्ला प्रशासन कार्यालयले एकदिन अगावै टोकन उपलब्ध गराउन थालेको छ । दसैं र तिहारजस्ता पर्वको मौका छोपी राहदानी बनाउन आउनेको भीड बढेकाले एकदिन अगावै टोकन वितरण सुरु गरिएको उक्त कार्यालयले जनाएको छ ।

दैनिकरूपमा सरदर ४० वटा राहदानीको आवेदन संकलन गर्ने क्षमता रहेको कार्यालयमा हिजोआज दैनिक ९० देखि एक सयसम्म राहदानीका लागि आवेदन संकलन हुने गर्दछ । कार्यालयमा अहिले सेवा लिने सेवाग्राहीको संख्या बढेकाले भीडभाड कम गर्न एक दिनअगावै टोकन वितरण गर्ने गरिएको सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरेले जानकारी दिए । कार्यालयको क्षमताभन्दा बढी सेवाग्राहीको चाप भएकाले कार्यालय समय अतिरिक्त थप समय व्यवस्था गरेर दैनिक एक सय जनाको राहदानीका लागि आवेदन फाराम संकलन गर्ने गरिएको र सोहीअनुसार एक दिन अगाडि नै टोकन वितरण गर्ने गरिएको उनले बताए । टोकन वितरण गर्दा व्यवस्थित हुने र पालोमा मात्रै सेवाग्राही उपस्थित हुने भएकाले भीड पनि कम हुने जनाइएको छ । कार्यालयको क्षमताभन्दा पनि सेवाग्राहीलाई प्राथमिकतामा राखेर कार्यालयले सेवा प्रवाह गरेको सहायक प्रमुख जिल्ला अधिकारी गैरेको भनाइ थियो । अहिले देश तथा विदेशबाट पर्व मनाउन गाउँघर आउनेका साथै समयको सदुपयोग गरेर नागरिकताको साथमा राहदानी बनाउने सेवाग्राही बढी हुने गरेको प्रशासन फाँटका नायब सुब्बा प्रेम खनालले बताए ।

यसैगरी नागरिकता लिने सेवाग्राहीको संख्यामा पनि उल्लेखनीयरुपमा वृद्धि भएको छ । दैनिक सरदर ४० देखि ५० नयाँ नागरिकता जारी हुने जिल्ला प्रशासनमा अहिले दिनमा एक सयभन्दा बढीले नयाँ नागरिकता र ५० भन्दाबढीले प्रतिलिपि लिने गर्दछन् । कार्यालयमा राहदानीसँगै नयाँ नागरिकता बनाउने र प्रतिलिपि लिनेहरुको चाप बढ्दै गएसँगै राति अबेरसम्म प्रशासन कार्यालयमा भीडभाड देख्न सकिन्छ । राहदानी बनाउनका लागि राष्ट्रिय परिचयपत्रको विवरण अनिवार्यरुपमा भर्नुपर्ने भएका कारण दैनिक एक सय ४० भन्दा बढीले राष्ट्रिय परिचयपत्र भर्ने गरेको प्रशासनले जनाएको छ । सेवाग्राहीको सहजताका लागि विचौलीयाबाट कोही पनि नठगिउन भनेर कार्यालयले निःशुल्क राहदानीको आवेदन फाराम भर्ने व्यवस्था गर्दै आएको छ । कार्यालयभित्र सहयोगी कक्ष स्थापना गरेर निःशुल्क रुपमा निवेदन लेख्नेदेखि निश्चित मूल्यमा हुलाक टिकटको समेतको व्यवस्था मिलाइएको छ । *-रासस*

# भाइटीकाको शुभ साइत १०:५१ मा



**पाल्पा,** कार्तिक २०/यस वर्षको भाइटीकाको साइत सार्वजनिक भएको छ । नेपाल पञ्चांग निर्णायक विकास समितिले २०८० सालको भाइटीकाको शुभ साइत सावर्जनिक गरेको हो ।

सार्वजनिक गरिए अनुसार कार्तिक २९ गते बुधबार बिहान १० बजेर ५१ मिनेटमा साईत रहेको छ । समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले सोमबार विज्ञप्ति जारी गर्दै भाइटीकाको साइत सार्वजनिक गरेका हुन् । यमपञ्चकको अन्तिम दिन सबै नेपालीका घर-घरमा दिदीबहिनीले आफ्ना दाजुभाइलाई सप्तरङ्गी टीका लगाएर हर्षोल्लासरूपमा भाइटीका मनाउने गर्दछन् । तिहारको अन्तिम दिन अर्थात भाइटीकालाई समस्त नेपालीले महत्वपूर्ण दिनका रूपमा लिने गर्छन् । भाइटीकाको साइत खोज्नेहरूका लागि उक्त समय उत्तम रहेको भए पनि दिनभर नै भाइटीका लगाउन सकिने नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । स्वदेश तथा विदेशमा रहेका दाजुभाइहरू दिदीबहिनाका घरमा र दिदीबहिनीहरू दाजुभाइका घरमा जम्मा भई टीका लगाउने गर्दछन् । भाइटीकालाई दिदीभाइ तथा दाजुबहिनीको प्रगाढ सम्बन्धको प्रतिकको रूपमा लिने गरिन्छ । उक्त दिन दिदीबहिनीले टीका लगाउनु अघि दाजुभाइको कानमा तेल हालिदिन्छन् र सप्तरङ्गी टीकाको साथै दुबो, मखमली, सयपत्री तथा गोदावारीको माला लगाइदिन्छन् । टीका लगाइसकेपछि दिदीबहिनीले दाजुभाइलाई मीठाइ तथा मसला खान दिन्छन् भने दाजुभाइले दिदीबहिनीलाई विभिन्न बस्त्र, आभूषण तथा दक्षिणा दिने गर्छन् । उक्त दिन सूर्य तथा अष्टचिरञ्जीवीको पूजा गरेर त्यसको प्रसाद दाजुभाइलाई लगाइदिने प्रचलन छ । भाइटीकाको दिन अर्थात कात्तिक शुक्ल द्वित्तीयामा आफ्नो भाइलाई स्वर्गबाट धर्मराजका यमदूत लिन आएको र यमदूतलाई दिदीले अनेक बहाना बनाई भाइको काल टारेको प्रसङ्ग पनि गाँसिएको छ । यस वर्षको दशसैंको साईत कार्तिक ७ गते मंगलबार बिहान ११:२ बजे रहेको थियो ।

## खेलकुद समाचार

# नेपालसँग खेल्ने यूएईको टोली घोषणा



**काठमाडौं,** कार्तिक २०/फिफा विश्वकप २०२६ को छनोट अन्तर्गत दोस्रो चरणमा नेपाल र बहराइनसँग खेल्नका लागि सयुंक्त अरब इमिरेट्सले (यूएई) ले टोली घोषणा गरेको छ । मुख्य प्रशिक्षक पाउलो बेन्टोले नेपाल र बहराइनसँगको सुरुवाती दुई खेल खेल्नका लागि २८ खेलाडीको नाम सार्वजनिक गरेको युएई फुटबल संघले जनाएको छ ।

जुलाईमा मुख्य प्रशिक्षक भनेका पोर्चुगिज कोच बेन्टोले नेपालसँगको खेलबाटै प्रतिस्पर्धात्मक यात्रा सुरु गर्नेछन् । यसअघि बेन्टो दक्षिण कोरियाका प्रशिक्षक थिए तर २०२२ डिसेम्बरमा भएको कतार विश्वकपपछि उनले टिम छाडेका थिए । एसिया छनोटको दोस्रो चरणमा नेपाल युएई बहराइन र यमन समूह एचमा छन् । नेपालले नोभेम्बर १६ (३० कात्तिक) मा युएईसँग उसैको मैदानमा खेल्दै छनोट यात्रा सुरु गर्नेछ भने नोभेम्बर २१ (५ मंसिर) मा घरेलु मैदानमा यमनसँग खेल्नेछ । युएईले दोस्रो खेल ५ मंसिरमा बहराइनसँग खेल्नेछ । नेपालले प्रारम्भिक चरणमा लाओसलाई दुई लेगको खेलमा २-१ ले पराजित गर्दै दोस्रो चरणमा स्थान बनाएको हो । नेपालका मुख्य प्रशिक्षक भिनसेन्जो अल्बर्टो एनेसले पनि छनोटका खेलका लागि २६ खेलाडीलाई राखेर प्रशिक्षण गराइरहेका छन् । पहिलो चरणमा नेपालले लाओस तथा यमनले श्रीलंकालाई पराजित गर्दा युएई र बहराइनले भने वरीयताको आधारमा सिधैं दोस्रो चरणमा स्थान बनाएका हुन् ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा दोहोरो अंकको बृद्धि



**पाल्पा,** कार्तिक २०/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अंकले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार सोमबार नेप्से परिसूचक २१ दशमलव ३० ले बढेर एक हजार आठ सय ४७ दशमलब ५४ मा पुगेको हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक भने तीन दशमलब ३३ अंकले उकालो लागेर तीन सय ५५ दशमलब ७३ मा पुगेको छ । कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा बृद्धि भएको छ । कूल ३५ लाख ५५ हजार छ सय ७० कित्ता शेयर रु ९३ करोड ८९ लाख २९ हजार ४० मूल्यमा कारोबार भयो । कारोबारका आधारमा सोल्टी होटल शीर्ष स्थानमा छ । सो कम्पनीको रु छ करोड ४३ लाख २० हजार नौ सय १० बराबरको कारोबार भयो । सोनापुर मिनरल्स रु पाँच करोड ६२ लाख तीन हजार एक सय १६, हाथवे इन्भेस्टमेन्ट रु तीन करोड ७८ लाख ३९ हजार छ सय ६०, हिमालय बैंक रु तीन करोड ५८ लाख ४८ हजार सात सय ५० र मञ्जुश्री फाइनान्स रु दुई करोड ३९ लाख ७२ हजार नौ सय ५७ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार हाथवे इन्भेस्टमेन्ट नौ दशमलब ९८, सिद्धार्थ प्रिमियर इन्स्योरेन्स नौ दशमलब ९३, आशा लघुवित्त छ दशमलब १६, दिव्यश्वरी हाइड्रोपावर पाँच दशमलब ८८ र माई खोला हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलब ८२ प्रतिशतले कमाएका छन् । यस्तै, लक्ष्मी लघुवित्त चार दशमलब २८, विन नेपाल लघुवित्त तीन दशमलब ९९, एनआइसि एशिया लघुवित्त तीन दशमलब ९१, एनआइसि एशिया ब्यालेन्स फण्ड तीन दशमलब शुन्य एक र माया खोला हाइड्रोपावरका लगानीकर्ताले दुई दशमलब ४० प्रतिशतले गुमाएका छन् ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई